स्वास्थ्योपचार सेवा दिँदै प्राकृतिक चिकित्सालय

वासुदेव पौडेल

नवलपुर (रजहर)। नवलपुरको देवचुली नगरपालिका-१६ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालयले औषधिविहीन चिकित्साका पद्धतिमार्फत प्रभावकारी स्वास्थ्योपचार सेवा प्रदान गर्दै आएको छ। विश्वमा महामारीका रूपमा फैलिएको कोभिड-१९ को समयमा समेत भर्ना भएका कुल ७८९ जना बिरामी सबैलाई सफलतापूर्वक उपचार गरेर थप चासो र चर्चा कमाएको चिकित्सालयमा स्वदेशबाट मात्र नभई विदेशबाट समेत उपचार गर्न आउने गरेका छन्।

कोभिडका समयमा दूधे बालकदेखि ८९ वर्षसम्मका ज्येष्ठ नागरिकसमेतको सफल उपचार गरेको चिकित्सालय गण्डकी प्रदेशको योग र प्राकृतिक चिकित्साको गौरवको आयोजनासमेत हो। गैरनाफामूलक परोपकारी संस्थाका रूपमा अघि बढिरहेको यस चिकित्सालयले औषधिविहीन चिकित्साका विभिन्न विधि र पद्धति अपनाउँदै बहुप्रकृतिका स्वास्थ्य समस्याको उपचार गरिरहेको चिकित्सालयका महाप्रबन्धक हरि सापकोटाले जानकारी दिए।

उनका अनुसार चिकित्सालयले प्राकृतिक चिकित्सा, अकुपञ्चर, अकुप्रेसर, आहार चिकित्सा, जडीबुटी चिकित्सा, अनुसन्धानात्मक योग चिकित्सा, मनोचिकित्सा, फिजियोथेरापी एवं पुनर्स्थापना मार्फत उपचार सेवा प्रदान गरिरहेको छ। औषधिविहीन चिकित्सा पद्धतिलाई वैज्ञानिक रूपले समिश्रण र प्रयोग गरी सबै किसिमका शारीरिक, मानसिक, तीव्र एवं जीर्ण रोगमा दीर्घकालीन समाधान दिँदै आइएको उनले बताए।

संस्थाले प्रकृतितर्फ फर्कँदै जीवनशैली परिवर्तन गरी निराशालाई आशा जगाउन, रोगीलाई स्वस्थ बनाउन र स्वस्थलाई दीर्घजीवी बनाउने सोचका साथ आफ्ना गतिविधि सञ्चालन गरिहेको जनाएको छ। औषधिविहीन प्राकृतिक चिकित्सामार्फत उपचार सेवा प्रदान गरिहेको चिकित्सालयको सेवा प्रभावकारी रहेको सेवाग्राहीहरू बताउँछन्।

विभिन्न किसिमका स्वास्थ्य समस्याको प्राकृतिक चिकित्सामार्फत सफल उपचार गरिरहेको यस संस्थाको सेवा प्रभावकारी रहेको नवलपुर फारमका निवासी बलराम आचार्य बताउँछन्। आफूले पेटको दुखाइसँगै खुट्टाको समस्याका क्रममा करिब डेढ महिना जति यहाँको सेवा लिएको उनले अनुभव सुनाए। 'यहाँ हिँड्नै नसक्ने अवस्थाका व्यक्ति आएर उपचारपश्चात् हिँडेर फर्केको मैले नै प्रत्यक्ष देखेको छु,' उनले भने, 'अत्यधिक मोटोपन भएका मानिस यहाँको उपचार सेवा लिएपछि मोटाइ राम्रैसँग घटाएर गएका धेरै उदाहरण छन्।'

स्वास्थ्यमा हुने गरेका विभिन्न समस्याबाट मुक्त हुन यहाँ आएर सेवा लिन उनले सबैलाई आग्रह गरे। औषधिमा मात्र निर्भर नभई जीवनशैली सुधार, योग, ध्यान तथा प्राकृतिक विधिमार्फत रोगको रोकथाम र उपचार गरिने भएकाले यसप्रतिको आकर्षण बढ्दै गएको हो। विसं २०६७ मा स्थापना भएयता संस्थाले आहारविहार सुधार गरी जीवनशैली परिवर्तन गराउँदै जीवन जिउने कला सिकाउँदै हालसम्म हजारौंको संख्यामा जीवनदेखि निराश भएकाहरूलाई बाँच्ने आशा जगाउँदै राष्ट्रको नमूना प्राकृतिक चिकित्सालयका रूपमा आफूलाई स्थापित गर्न सफल बनेको महाप्रबन्धक सापकोटा बताउँछन्।

चिकित्सालयमा 'आहार नै औषधि' हो भन्दै दिगो अर्गानिक कृषि उत्पादन गौपालन, जडीबुटीखेती, मौरीपालन आदिलाई अभियानका साथ अघि बढाइएको छ। चिकित्सालयलाई आवश्यक पर्ने दूध, दही, घ्यू, मह एवं तरकारी स्वयं संस्थाले नै उत्पादन गरिरहेको छ।

उपचार सेवा लिन आएका बिरामीका लागि चिकित्सकको सल्लाह र निगरानीमा भौतिक आहारका लागि अस्पताल हाताभित्र प्राकृतिक, अर्गानिक एवं सात्विक खानाको व्यवस्था गरिएको छ। यहाँ आउने विभिन्न स्वास्थ्य समस्याका बिरामीलाई प्राकृतिक चिकित्साका क्षेत्रमा गहिरो अध्ययनसँगै लामो समय यस क्षेत्रमा अनुभवी चिकित्सक, फिजियोथेरापिष्ट, योगथेरापिष्टसमेतको टोलीले २४सै घण्टा निगरानी र निर्देशनमा उपचार गर्दै आएका छन्। परम्परागत शैलीसँगै अत्याधुनिक उपकरणसमेतबाट आधुनिक प्राकृतिक चिकित्सा सेवा प्रदान गरिरहेको संस्थाले नियमित योग ध्यानका कक्षाका साथै रोगअनुसारको योग, आरामका विधिहरू प्रणायाम, ध्यान आदि गराउँदै आएको छ।

चिकित्सालयको प्राविधिक सहयोगमा अस्पताल हाताभित्र वा आवश्यकताअनुसार स्वदेश तथा विदेशमा समेत प्राकृतिक चिकित्सा जीवनशैली सुधारसम्बन्धी जनचेतनामूलक कार्यक्रमको राष्ट्रिय नेतृत्व गर्नेगरी अघि बढिएको उनले बताए। विभिन्न भाषा र क्षेत्रका पुस्तकसहितको पुस्तकालयका साथै चिकित्सकहरूद्वारा नियमित रूपमा स्वास्थ्यार्थीहरूको बीच विविध विषयमा अन्तरक्रिया एवं सामूहिक परामर्शका कक्षाहरू सञ्चालन गरिँदै आएको महाप्रबन्धक सापकोटाले जानकारी दिए।

> 'यहाँ हिँड्नै नसक्ने अवस्थाका व्यक्ति आएर उपचारपश्चात् हिँडेर फर्केको मैले नै प्रत्यक्ष देखेको छु,' उनले भने, 'अत्यधिक मोटोपन भएका मानिस यहाँको उपचार सेवा लिएपछि मोटाइ राम्रैसँग घटाएर गएका धेरै उदाहरण छन्'

शल्यक्रियापछिको पुनर्स्थापना, दुर्घटनापछिको पुनर्स्थापना एवं क्यान्सरको पुनर्स्थापना गरी विविध पुनर्स्थापना प्याकेजहरूको सुविधा राखेको चिकित्सालयले बहिरंग/अतरंग सेवा, एम्बुलेन्स, हेल्थसप आदिसमेत सञ्चालन गररहेको छ। चिकित्सालयले जल चिकित्सा, वाष्प स्नान, ठुलो आन्द्रा सफा गर्ने पद्धति, माटो चिकित्सा, वैज्ञानिक मालिस, योगा थेरापी, योगिक षट्कर्म, मनोचिकित्सा/परामर्श, आहार/उपवास चिकित्सा, फिजियोथेरापी आदिका माध्यमबाट उपचार गर्दै आएको उनले जानकारी दिए।

चिकित्सालयमा आउने बिरामीका लागि उनीहरूको दैनिक नियमित कार्यतालिका राखिएको छ। बिहान ५.०० बजेदेखि सुरु हुने उक्त कार्यतालिका राति १०.०० बजेसम्मका लागि तय गरिएको छ। चिकित्सालयको नियम एवं चिकित्सकको प्रत्यक्ष निर्देशनमा आहारविहार, योग, मनोरञ्जन आदिलाई पालन गर्दै बिरामी स्वास्थ्यलाभ गरी फर्कने गरेका छन्। चिकित्सालयमा आउने बिरामीका लागि उपचार सेवा, आवास तथा भोजनका लागि दैनिक एक हजार २०० रुपैयाँको प्योकज निर्धारण गरिएको छ। नेपाल सरकारको घोषित स्वास्थ्य नीतिको परिधिभित्र रहेर आर्थिक विपन्न/द्वन्द्वपीडित, एकल महिला, असक्षमलाई उपचारमा सहुलियत प्रदान गर्दै आएको उनले जानकारी दिए।

चिकित्सालयमा रोग लाग्ने नदिन प्रमोशन अफ पोजेटिभ हेल्थदेखि कब्जियत, पायल्स, अल्सर, कोलाइटिस, ग्यासटाइटिस, अपच, कलेजोका रोगहरूको सफलतापूर्वक उपचार गर्ने गरिएको छ। त्यस्तै रुघाखोकी, एलर्जी, दम, पिनास, टान्सिलाइटिस, टाउको दुख्ने, माइग्रेन, ढाड कम्मर, गर्धन दुख्ने, बाथ, युरिक-एसिड बढेको, डिक्स प्रोल्याप्स, हड्डी खिइएको, साइटिका, नशा च्यापिएको, साना तथा ठूला जोर्नीको दुखाइ, अन्य हाड, जोर्नी, नशा तथा मांसपेशीका समस्याहरूको उपचार हुँदै आएको छ।

प्यारालाइसिस (पक्षघात), मुख बाँगिने, शरीरको एक वा दुवै भाग नचल्ने, सुगर, प्रेसर, थाइराइड, मोटोपना, अनिद्रा, डिप्रेसन, स्नायु दुर्बलता, मानसिक तनाव वा अन्य मानसिक समस्या, महिनावारी गडबडी, सेतो पानी बग्ने, मिर्गौला र पिसाबसम्बन्धी समस्या, सोरायसिस, एक्जिमा, डन्डीफोर वा अन्य छालाका समस्या सफलताका साथ चिकित्सालयमा उपचार भइरहेको पनि उनले जानकारी दिए।

सुरुमा प्राकृतिक उपचार पद्धतिले रोग निको पार्छ भन्ने कुरा जनमानसमा विश्वास जगाउन धेरै नै गाह्रो भएको चिकित्सालयका पूर्वनिर्देशक डा विनोद पौडेल बताउँछन्। अहिले त्यो विश्वास प्राकृतिक चिकित्सा विधाले जितिसकेको बताउँदै उनले प्राकृतिक चिकित्सालयलाई अस्पतालका रूपमा भन्दा पनि जीवनशैली सिकाउने विद्यालयका रूपमा विकास गर्नु आवश्यक रहेकामा जोड दिए। 'हरेक उमेरका व्यक्तिलाई स्वस्थ जीवनशैलीसम्बन्धी प्रशिक्षण दिई रोग नै लाग्न नदिने उद्देश्य राख्नुपर्छ,' उनले भने, 'हरेक वर्षको १५ दिन स्वस्थ मानिस नै प्राकृतिक चिकित्सा विधालाई अवलम्बन गर्नु आवश्यक छ।'

प्राकृतिक चिकित्सा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सरकारले पूर्वनिर्देशक पौडेललाई प्रबल जनसेवा श्री पदकबाट सम्मान प्रदान गरेको छ। कोभिड-१९ को महामारीमा प्राकृतिक विधिबाट उपचार, अन्य रोगहरूको सफल उपचार तथा जीवनशैलीसम्बन्धी प्रशिक्षणमा उनले विशिष्ट योगदान पुर्याएका छन्। चिकित्सालयले आफ्नो स्थापनाकालयता ६० हजारभन्दा बढी व्यक्तिलाई उपचार गरिसकेको छ।

पूर्वपश्चिम राजमार्गको रजहर बजारदेखि सात सय मिटर दक्षिणतर्फ पैदलयात्राबाटै पुग सकिने यस चिकित्सालयमा जान अटो/इ-रिक्साहरू सहजै पाउन सकिन्छ। बिहान ६.०० देखि बेलुका ८.०० बजेसम्म प्रत्येक पाँच मिनेटको फरकमा नारायणगढदेखि नियमित सिटी बसको सुविधा रहेको छ। कुल १० बिघा क्षेत्रफलमा फैलिएको चिकित्सालयमा हाल १५० शय्या क्षमता रहेको छ। अस्पतालको दिगो सञ्चालनका लागि २०६४ साल पुसमा महायज्ञ गरिएकामा उक्त महायज्ञमा एक करोड ७३ लाख रुपैयाँ दान सहयोगका लागि बोलकबोल भएको थियो।

तीनवटै तहका सरकारको साथ र सहयोग पाएको चिकित्सालयमा पूर्वाधार विकास, उपकरण खरिद आदिका लागि हालसम्म करिब ३५ करोड रुपैयाँ बढी लगानी भइसकेको छ। उपचारमा आएका बिरामीले उपचारको सफलतापश्चात् गर्ने गरिएका धेरथोर सहयोगका कारण पनि यहाँको सञ्चालन एवं विकासमा सहयोग पुगेको छ। उपचारमा आएका एक बिरामीले उपचारको सफलतापश्चात् रु एक करोड ३० लाख लागतको २३ कोठे भवनसमेत निर्माण गरिदिएको जानकारी दिँदै सापकोटाले उपचारपछि बिरामीहरूले धेरैथोर सहयोग गरेर फर्केने गरेको अनुभव सुनाए।

गण्डकी प्रदेशको समाजिक विकास मन्त्रालयको सिफारिस एवं राष्ट्रिय योजना आयोगको रु १२ करोड ४६ लाख विशेष अनुदानमा चिकित्सालयमा थप भवन बनिरहेको छ। उक्त भवन सम्पन्न भएसँगै हाल रहेको १५० शय्या क्षमतालाई बढाएर ३०० पुर्याउने लक्ष्य राखिएको छ। आगामी दिनमा चिकित्सालयलाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने योजना राखिएको छ। *रासस*

बिमाले तोकेभन्दा औषधिको बजार मूल्यमा ठुलो अन्तर

चितवन। ग्यास्टिक हुँदा खाने प्यान्टाप्राजोल औषधि बजारमा प्रतिट्याबलेट आठ रुपियाँमा पाइन्छ। त्यही औषधि भरतपुर अस्पतालले रु १.१२ मा बिक्री गर्छ सोही औषधि स्वास्थ्य बिमा बोर्डले रु १.५६ मा बिक्री मूल्य तोकेको छ। सरसर्ती हेर्दा औषधि उत्पादकबाट उपभोक्तासम्म आइपुग्दाका बीचमा नाफा कति होला!

भरतपुर अस्पतालले बोलपत्रबाट खरिद गर्दाको मूल्यमा २० प्रतिशत नाफा थप गरेर बिक्री गर्दा यो मूल्य आएको हो। यसरी हेर्दा भरतपुर अस्पतालले खरिद गरेको मूल्य र औषधिको एमआरपी (खुद्रा मूल्य) हेर्दा आठ गुणभन्दा बढी फरक परेको छ।

उक्त औषधि मात्रै होइन, प्रोस्टेटका बिरामीले प्रयोग गर्ने सिलोडोसिन ८ एमजीको बजार मूल्य रु ३५ प्रतिट्याबलेट पर्ने औषधि स्वास्थ्य बिमाले रु सात तोकेको छ। अस्पतालले बिमाबाहेककालाई रु ७.१५ मा कोलेस्ट्रोलका लागि प्रयोग हुने रोजोभास्टिन २० एमजीको खुद्रा मूल्य रु ३८ छ भने स्वास्थ्य बिमाले रु ३.३८ र भरतपुर अस्पतालले त्यही औषधि रु १.७२ मा कलेजोका औषधि युविलिक ३०० एमजी बजार मूल्य रु ४० छ भने स्वास्थ्य बिमाले रु ४.०५ र भरतपुर अस्पतालले ११.२६ मा बिक्री गर्छ।

दम हुँदा तान्ने सेरिडिल २५० को रोटा क्यापको बजार मूल्य प्रतिबट्टा रु ६०८ छ भने स्वास्थ्य बिमाको रु ३२३.४० र भरतपुर अस्पतालको ३७७.९० रहेको छ। मधुमेहका बिरामीले खाने इम्फाग्लिप्टिन २५ एमजीको बजार मूल्य रु ३०, स्वास्थ्य बिमाको रु.१०.५० र भरतपुर अस्पतालको १६.९५ छ।

अर्का भिटामिन बि १२ का लागि प्रयोग हुने मिथायल कोवालामिन १५०० एमजीको बजार मूल्य रु १९.८०, स्वास्थ्य बिमा बोर्डले रु २.७० र भरतपुर अस्पतालले रु १०.५३ मा बिक्री गर्दै आएको छ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा विश्ववन्धु बगाले बिमाको दरेटमा कतिपय औषधि बिक्री गर्न कठिन हुने बताउँछन्। बोलपत्रमार्फत खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा जोडेर हुने मूल्य वा बिमाले तोकेको मूल्य जुन सस्तो छ बिमाका बिरामीका लागि सोही आधारमा औषधि बिक्री गर्ने गरेको उनले बताए।

बगालेले आफू आएलगत्तै खरिद मूल्यमा २० प्रतिशतभन्दा बढी नहुने गरी दरेट निर्धारण गरेको हुँदा कतिपय औषधिमा बिमाले तोकेकोभन्दा सस्तो दरेटमा औषधि बिक्री गर्न कठिन हुने बताए। नेपाल औषधि उत्पादक संघ (एपोन) का महासचिव सन्तोष बराल बजार मूल्यको आधारभन्दा सस्तोमा औषधि बिक्री गर्दा नोक्सान हुने बताउँछन्।

औषधि उत्पादकले थोक बिक्रेतालाई र थोक बिक्रेताले खुद्रा बिक्रेतालाई औषधि बिक्री गर्दछन्। उत्पादक कम्पनीले धेरै मिहिनेत गर्ने हुँदा लागत मूल्य निकै कम हुने औषधिको बजार मूल्य धेरै महँगो हुने गरेको गुनासो आउने गर्दछ। यद्यपी औषधिको नियम र बजार मूल्य सरकारी निकायबाट तय हुने गर्दछ।

लुम्बिनी विकास बैंक लिमिटेडको
तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०२/२७ गतेको न्यूज २४ राष्ट्रिय दैनिक तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

क.सं.	ऋणीको विवरण
१.	**नाम : भोला कुमार के.सी.** बाबुको नाम : उदय बहादुर के.सी., बाजेको नाम : कृती बहादुर के.सी. ठेगाना : मल्पी - ६, काभ्रे, हाल : पनौती - ८, काभ्रे ना.प्र.प.नं. : ९/६०६, जि.प्र.का. काभ्रे, जारी मिति : २०४४/१२/३० **शाखा कार्यालय : बनेपा**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : कल्पना के.सी. पतिको नाम : भोला कुमार के.सी. ससुराको नाम : उदय बहादुर के.सी. ठेगाना : पनौती - ८, काभ्रे ना.प्र.प.नं. : १४३८१३ जि.प्र.का. काभ्रे जारी मिति : २०६२/०६/१६
	२. नाम : पारस के.सी. बाबुको नाम : भोला कुमार के.सी. बाजेको नाम : उदय बहादुर के.सी. ठेगाना : पनौती - ८, काभ्रे ना.प्र.प.नं. : ३०-०१-७६-०२४७७ जि.प्र.का. काभ्रे जारी मिति : २०७६/०२/२९
	धितोको विवरण
	भोला कुमार के.सी.को नाममा दर्ता श्रेष्ठा कायम रहेको मल्पी - ६, नक्सा सिट नं. १५७१५२२, काभ्रे स्थित कि.न २४९ को क्षेत्रफल ३-६-२-२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
	ऋणीको विवरण
२.	**नाम : मनकामना कृषि फर्म** दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : ५५३/०७१/०७२, दर्ता मिति : २०७१/१०/१५ ठेगाना : रत्ननगर - ८, चितवन, **संचालक तथा शेयरधनी : डोलेन्द्र बि.क.** **शाखा कार्यालय : टाँडी**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : डोलेन्द्र बि.क. बाबुको नाम : राम बहादुर विश्वकर्मा बाजेको नाम : टेके कामी ठेगाना : रत्ननगर - ८, चितवन हाल : रत्ननगर - १०, चितवन ना.प्र.प.नं. : ९०१०/०६२ जि.प्र.का. चितवन जारी मिति : २०६२/०८/१६
	२. नाम : सुनिता वि.क. पतिको नाम : डोलेन्द्र बि.क. ससुराको नाम : राम बहादुर विश्वकर्मा ठेगाना : रत्ननगर - ८, चितवन हाल : रत्ननगर - १०, चितवन ना.प्र.प.नं. : ३५१०२०।४३८१ जि.प्र.का. चितवन जारी मिति : २०७०/०४/१५
	धितोको विवरण
	डोलेन्द्र बि.क. को नाममा भुमी प्रशासन कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ठा कायम रहेको पन्चकन्या - ६ क, चितवन स्थित कित्ता नं. २७१९ र २७१७ को क्षेत्रफल क्रमशः ५२९.५४ (व.मि.) र ६२.९९ (व.मि.) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३.	**नाम : कालिका गाई फर्म** दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. : ८५८/०७४/०७५, दर्ता मिति : २०७५/०१/०३ ठेगाना : कालिका - २ चितवन, **संचालक तथा शेयरधनी : जलिया कुमारी महतो**
	नाम : टिकाराम महतो बाबुको नाम : भदै महतो, बाजेको नाम : गर्भा महतो ठेगाना : पदमपुर - ३, चितवन, हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५१७९६, जि.प्र.का. चितवन, जारी मिति : २०४५/०१/०६ **शाखा कार्यालय : टाँडी**
	व्यक्तिगत जमानत दिनेको विवरण
	१. नाम : जलिया कुमारी महतो पतिको नाम : टिकाराम महतो ससुराको नाम : भदै महतो ठेगाना : पदमपुर - ३, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : १४९०/०३५ जि.प्र.का. चितवन जारी मिति : २०५२/०१/१८
	२. नाम : सुमित्रा कुमारी चौधरी पतिको नाम : रामकृष्ण महतो ससुराको नाम : भदै महतो ठेगाना : पदमपुर - ३, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५९२०२/०६० जि.प्र.का. चितवन जारी मिति : २०६०/०८/१७
	३. नाम : भदै महतो बाबुको नाम : गर्भा महतो बाजेको नाम : नथु महतो ठेगाना : पदमपुर - ४, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५२१४५ जि.प्र.का. चितवन जारी मिति : २०३६/०१/११
	४. नाम : रामकृष्ण महतो बाबुको नाम : भदै महतो बाजेको नाम : गर्भा महतो ठेगाना : पदमपुर - ३, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५५४८/०४४ जि.प्र.का. चितवन जारी मिति : २०५७/०१/२९
	५. नाम : रविन्द्र महतो बाबुको नाम : टिकाराम महतो बाजेको नाम : भदै महतो ठेगाना : पदमपुर - ३, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५३/१७० जि.प्र.का. चितवन जारी मिति : २०७०/०२/१६
	६. नाम : विश्वनाथ महतो बाबुको नाम : टिकाराम महतो बाजेको नाम : भदै महतो ठेगाना : कालिका - ९, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं : ३५-०१-७३-०८८९४ जि.प्र.का. चितवन जारी मिति : २०७३/०७/३०
	७. नाम : विनिता महतो बाबुको नाम : रामकृष्ण महतो बाजेको नाम : भदै महतो ठेगाना : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५-०१-७७-०१४९८ जि.प्र.का. चितवन जारी मिति : २०७७/०६/१५
	८. नाम : छलही थरुनी पतिको नाम : भदै महतो ससुराको नाम : गर्भा महतो ठेगाना : पदमपुर - ३, चितवन हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : २१४६, जि.प्र.का. चितवन जारी मिति : २०४५/०१/०६
	९. नाम : टिकाराम महतो बाबुको नाम : भदै महतो, बाजेको नाम : गर्भा महतो ठेगाना : पदमपुर - ३, चितवन, हाल : कालिका - २, चितवन ना.प्र.प.नं. : ३५१७९६, जि.प्र.का. चितवन, जारी मिति : २०४५/०१/०६
	धितोको विवरण
	भदै महतोको नाममा भुमी प्रशासन कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ठा कायम रहेको पदमपुर - ३, चितवन स्थित कित्ता नं. १८८ को क्षेत्रफल ०-३-० (विगाह) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं

फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६५६

फ्याक्स नं. ०१-४५१३५२६

HFL HULAS FINSERV HIRE PURCHASE LTD.

हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज सम्बन्धी कार्य गर्न इजाजतपत्र प्राप्त संस्था

रजिष्टर्ड कार्यालय, त्रिपुरेश्वर - ११, काठमाडौं

फोन नं. ०१-५९००७५९

हिसाब मिलान गर्न आउने बारे जरूरी सार्वजानिक सूचना

प्रकाशित मितिः २०८३/०२/२७

आदरणीय ग्राहक महानुभावहरु !

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था यस हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (साविक हुलास ईन्भेष्टमेन्ट प्रा.लि. तथा हुलास फिन सर्भ लि.) मार्फत कर्जा सुविधामा सवारी साधनहरु (जस्तैः मोटरसाईकल, अटोरिक्सा, कार, जीप आदि) र विद्युतिय उपकरणहरु (जस्तैः मोबाईल, टेलिभिजन, घरायसी इलेक्ट्रोनिक्स सामान आदि) हायर पर्चेज कर्जा सुविधा प्रयोग गरी लैजानु भई यस कम्पनीको बैंक खातामा किस्ता रकम जम्मा गरी सोको निस्सा प्रमाण सहित यस कम्पनीमा भूक्तानी दाबी नगर्नु भएका ग्राहकहरुलाई किस्ता बापत जम्मा गरेको रकम कर्जा रकममा मिलान भए नभएको एकिन गरी तत्काल यस कम्पनीमा स-प्रमाण दाबी गर्न अनुरोध गरिन्छ।

साथै यस कम्पनीलाई कर्जा बापत तिर्नु बुझाउनु पर्ने कुल दायित्व भन्दा पनि बढी रकम भुक्तान गर्ने ग्राहकहरुले पनि यस कार्यालयमा सम्पर्क गरी अतिरिक्त रकम रित पुर्वक फिर्ता लैजान हुन समेत सुचित गरिन्छ।

ग्राहक वर्गमा अनुरोधः किस्ता रकमको भुक्तानी डिजिटल माध्ययाबाट गरौं र सोको प्रमाण सुरक्षित राखौं ।

ग्राहक वर्गको जानकारीको लागि

हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड द्वारा प्रकाशित

इमेलः hfl@hulasfinserv.com